*२०७३ साल कार्तिक १०*

# प्रेस नोट

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितिको आज बसेको बैठकमा छलफलका लागि देहायबमोजिमका विषयहरु प्रस्तुत भएका छन् :

१. विगतका निर्देशक समितिको निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षा सम्बन्धमा ।

२. प्राधिकरणको परिमार्जित संगठन संरचना अनुरुप जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा ।

३. पुनर्निर्माण कार्यमा खटिएका प्राविधिक लगायतका जनशक्तिहरुको प्रभावकारी परिचालन सम्बन्धमा ।

४. आ.व. ०७३/७४ का लागि आवश्यक पर्ने वित्तीय श्रोतको व्यवस्थापनका सम्बन्धमा ।

५. भूकम्प प्रभावित क्षेत्रको समग्र आर्थिक विकास सम्बन्धी अध्ययन सम्बन्धमा ।

६. पुनर्निर्माण सामुदायिक समितिहरुको गठन तथा प्रभावकारी परिचालन सम्बन्धमा ।

७. बस्ती स्थानान्तरण तथा एकीकृत बस्ती विकास सम्बन्धमा ।

८. विश्व सम्पदा सूचिमा रहेका सम्पदाहरु तथा पराम्परागत बस्तीहरुको पुनर्निर्माण सम्बन्धमा ।

९. भूकम्प प्रभावित क्षेत्रमा सूचना प्रविधिको संजालिकरण तथा विद्युतीय सुशासन एवं सेवा प्रवाह सम्बन्धमा ।

बैठकको सुरुमै प्रधानमन्त्री पुष्पकमल दाहालले विगतमा अनुदान रकम वितरणका लागि समय तोकेर सञ्चालन गरिएको ४५ दिने अभियान मूलभूत: रुपमा सन्तोषजनक भएको भन्दै १७ जिल्लाको सर्भेक्षण, प्राथमिक विद्यालय भवन निर्माण, पुरातात्विक महत्वका सम्पदाहरुको पुनर्निर्माण, गुनासो सम्बोधन, गैरसरकारी संस्थाहरुको अनुगमन, बस्ती स्थानान्तरण लगायतका विषयमा समयतालिका बनाएर संलग्न कर्मचारीहरुलाई जिम्मेवार तोकेर व्यवस्था मिलाउन निर्देशन दिनु भएको थियो ।

बैठकमा प्रधानमन्त्री दाहालले पुनर्निर्माणमा खटिने जनशक्तिलाई प्रभावकारी रुपमा परिचालन गर्ने गरी प्रस्ताव पेश गर्न अर्थमन्त्रालय, प्राधिकरण र प्रधानमन्त्री कार्यालयका सचिवलाई निर्देशन दिनु भएको छ ।

उपाध्यक्ष भीम रावलले पुनर्निर्माणको कामलाई सामान्य अवस्थामा जसरी नलिन र पुनर्निर्माण तथा पुनर्स्थापना ऐनको भावना र मर्म अनुरुप थप स्रोत साधन परिचालन गरी युद्धस्तरमा काम गर्नुपर्ने बताउनुभयो ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले प्रधानमन्त्रीबाट प्राप्त निर्देशन अनुरुप प्राधिरकणले विगतमा झैं आगामी दिनमा स्पष्ट र जिम्मोवारी तोकेर समयसीमा तोकी कार्यतालिका अनुसार पुनर्निर्माणका कामहरु अघि बढाउने बताउनुभयो । उहाँले त्यसका लागि बजेट र जनशक्तिको अभाव हुन नहुने भन्दै पुनर्निर्माणमा खटिने कर्मचारीहरुलाई प्रोत्साहन गर्ने गरी सुविधा दिन आवश्यक भएको बताउनुभयो ।

बैठकमा प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले एक महिना अघि भएको निर्देशक समितिको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्था बारेमा जानकारी गराउनु भएको थियो । साथै पुनर्निर्माण कोषबाट विनियोजन गरिएको रकम निर्देशक समितिको निर्णयानुसार उपलब्ध गराईदिन पर्ने बैठकमा जानकारी गराउनु भयो । उहाँले बाँकी रहेका १७ जिल्लाको घरधनी सर्भेक्षणको प्रराम्भिक कार्य सुरु भइसकेको बताउनुभयो ।

बैठकमा मुख्य सचिव डा. सोमलाल सुवेदीले पुनर्निर्माणको कार्यमा खटिने कर्मचारीहरुलाई कार्यसम्पदान करार गरी उपलब्ध स्रोत साधन अनुरुप अतिरिक्त सुविधा दिई कार्यालय समय बाहिर पनि कार्य गर्ने व्यवस्था मिलाउनका लागि वृहत नीति तर्जुमा गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिनुभयो ।

अर्थमन्त्रालयका सचिव शान्तराज सुवेदीले पुनर्निर्माणका लागि आवश्यक थप २० अर्ब ८१ करोड रुपैयाँ स्वीकृत गरेको जानकारी दिँदै पुनर्निर्माणका लागि रकमको समस्या नहुने बताउनुभयो ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले जग्गा सम्बन्धी समस्या, अतिजोखिमपूर्ण बस्तीमा परेका लाभग्राहीको पुनर्वास सम्बन्धी समस्या, गुनासो व्यवस्थापन नुहँदासम्म अनुदान सम्झौता नगर्ने लगायतका कारणहरुले ५ लाख ३३ हजार मध्ये बाँकी रहेका घरधनीहरुसँग अनुदान सम्झौता गर्न कठिनाइ भएको भन्दै त्यसलाई समाधान गर्न कानूनी र नीतिगत व्यवस्था गर्न आवश्यक भएको बताउनुभयो । उहाँले काठमाडौं उपत्यकामा पहिचान भएका घरधनीहरुको नामावली प्रकाशन गरी सम्झौता गर्ने प्रक्रिया अगाडि बढाइएको जानकारी गराउनुभयो ।

तथ्यांक विभागका महानिर्देशक सुमनराज अर्यालले विगतमा गरिएका घरधनी सर्भेक्षणबाट विभागले अनुभव लिइसकेको, १७ जिल्लाका सूचना अधिकारीहरुको दुई दिने अनुशिक्षण

कार्यक्रम सुरु भइसकेकाले कार्य सुरु गेको ४५ दिन भित्र सर्भेक्षणको काम सम्पन्न गर्न सक्ने बताउनुभयो ।

बैठकमा पेश भएका विषयमा छलफल हुनेक्रम जारी रहेकाले बैठक भोलि अपरान्ह ३ बजेसम्मलाई स्थगित गरिएको छ ।

रामप्रसाद थपलिया

प्रवक्ता

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

nra.gov.np